# सांस्कृतिक तथा भाषिक विविधता रणनीति २०२५ को वार्षिक प्रगति प्रतिवेदन: सारांश

## यस प्रतिवेदनका बारेमा

३० अप्रिल २०२४ मा, राष्ट्रिय अपाङ्गता बीमा एजेन्सी (NDIA) ले सांस्कृतिक तथा भाषिक विविधता रणनीति २०२४–२०२८ जारी गर्‍यो।

यसले ३० अप्रिल २०२४ देखि ३० अप्रिल २०२५ सम्मको रणनीति र कार्य योजना मा हाम्रो छोटो अवधिको नतिजाहरूको प्रगति दर्साउँछ।

पूरा प्रतिवेदन NDIA को वेबसाइटमा उपलब्ध छ।

## CALD रणनीति

सांस्कृतिक तथा भाषिक रूपमा विविध (CALD) समुदायहरू अष्ट्रेलियाली समाज र पहिचानको लागि महत्त्वपूर्ण छन्।

हामीलाई थाहा छ कि CALD समुदायका अपाङ्गता भएका व्यक्तिहरूले राष्ट्रिय अपाङ्गता बीमा योजना (NDIS) बारे जान्न, पहुँच राख्न र प्रयोग गर्न पृथक चुनौतीहरूको सामना गर्दछन्।

यो रणनीति र कार्य योजनाले CALD समुदायका अपाङ्गता भएका व्यक्तिहरूसँग सहकार्य गर्ने हाम्रो प्रतिबद्धतालाई रूपरेखा दिन्छ। हामी उनीहरूलाई अन्य अपाङ्गता भएका व्यक्तिहरू सरह यस योजनाबाट लाभान्वित हुन मद्दत गर्न चाहन्छौँ।

## यस रणनीतिका उद्देश्यहरू

- CALD समुदायहरूलाई NDIS मा पहुँच राख्न र सहभागी हुन सजिलो बनाउने।
- NDIS योजनाहरूले CALD सहभागीहरूको आवश्यकताहरू कसरी दर्साउँछ भन्ने कुरामा सुधार गर्ने।
- CALD सहभागीहरूको लागि NDIS अनुभव सुधार गर्ने।

यस रणनीतिका ६ वटा प्राथमिकता क्षेत्रहरू छन्:

### पूर्वाधार

CALD सहभागीहरूलाई सहयोग गर्न हाम्रो प्रणाली र प्रक्रियाहरूमा सुधार गर्ने।

### कर्मचारीको क्षमता

सहभागीहरूको सांस्कृतिक आवश्यकताहरू राम्रोसँग पूरा गर्न कर्मचारीहरूको सीप वृद्धि गर्ने।

### पहुँचयोग्य सञ्चार

CALD समुदायहरूको लागि मनपर्ने तरिकाले जानकारी सम्प्रेषण गर्ने।

### बजारहरू

CALD सहभागीहरू, उनीहरूका परिवार र हेरचाहकर्ताहरूको सांस्कृतिक आवश्यकताहरू पूरा गर्न NDIS प्रदायकहरूलाई सेवाहरू प्रदान गर्न मद्दत गर्ने।

### तथ्याङ्क

CALD सहभागीहरूका सेवाहरू सुधार गर्न तथ्याङ्कको उचित प्रयोग गर्ने।

### पहुँच विस्तार

NDIS पहुँच नगरेका CALD समुदायहरूसँग जोडिने र उनीहरुलाई शिक्षित गर्ने सेवाहरू दिने।

# वर्षका मुख्य हाइलाइटहरू

## NDIA CALD समावेशी योजना 2024-27

मे २०२४ मा, हामीले NDIA CALD समावेशी योजना 2024-27 जारी गर्‍यौँ। यसले हामीलाई यस्तो कार्यस्थल निर्माण गर्न मद्दत गर्छ जहाँ मानिसहरू:

- सम्मानित महसुस गर्छन्
- आफ्नो वास्तविक व्यक्तित्व कार्यस्थलमा झल्काउन सक्छन्।

यो हाम्रो कर्मचारी क्षमता सुधार गर्ने रणनीतिको एउटा हिस्सा हो।

यो समावेशी योजनामा २८ कार्यहरू छन् जुन हामीले २०२४ र २०२७ को बीचमा कार्यान्वयनमा ल्याउनेछौँ। यी कार्यहरू ४ ध्यान केन्द्रित क्षेत्रहरूसँग पङ्क्तिबद्ध छन्:

- सांस्कृतिक क्षमता र नेतृत्व
- समावेशी संस्कृति
- समावेशी नीति र अभ्यास
- करियर विकास र उन्नति-प्रगति

हामीले धेरै महत्त्वपूर्ण कार्यहरू सम्पन्न गरेका छौं र बाँकी काम सुरु गरेका छौं।

## CALD आन्तरिक र बाह्य सल्लाहकार समूहहरू

हामीले बाह्य सल्लाहकार समूह गठन गरेका छौं। यसले CALD पृष्ठभूमिका अपाङ्गता भएका व्यक्तिहरूको आवाज हामीले सुनेको र पहिचान गरेको सुनिश्चित गर्दछ।

- सदस्यहरूमा प्रत्यक्ष अनुभव भएका वा CALD पृष्ठभूमिका अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताहरू बारे जानकार राख्ने व्यक्तिहरू समावेश छन्।
- यो समूहले महिनामा दुई पटक भेटघाट गर्छ।

हामीले CALD आन्तरिक सल्लाहकार समूह पनि गठन गरेका छौं। यसले रणनीतिक कार्यहरू कार्यान्वयन गर्न सहयोग र प्रायोजन गर्दछ।

सदस्यहरूमा निम्न समावेश छन्:

- NDIA CALD च्याम्पियन
- वरिष्ठ कार्यकारी सेवाका कर्मचारीहरू
- योजना सुधारहरू डिजाइन र कार्यान्वयन गर्ने निर्देशकहरू।

### सामुदायिक संलग्नता गतिविधिहरू

१२ महिनाको अवधिमा ३० अप्रिल २०२५ सम्म, हामीले सामुदायिक संस्थाहरू र मूलधाराका सेवाहरूसँग १९२ वटा गतिविधिहरू सञ्चालन गर्यौं। हामीसँग लगभग २,२०० सरोकारवालाहरू छन्।

यी गतिविधिहरूले CALD समुदायहरूमा NDIS बारे रहेको जानकारीमा सुधारहरू ल्याएको छ। लक्ष्यहरू निम्न कुराहरूमा CALD पृष्ठभूमिका अपाङ्गता भएका मानिसहरूलाई सहयोग गर्नु थियो:

- NDIS मा पहुँच लिन।
- अपाङ्गता सहायताको प्रयोग गर्न।

एउटा उदाहरणमा, हामीले अष्ट्रेलियाको शरणार्थी स्वास्थ्य नेटवर्कसँग काम गर्यौं। हामीले मानिसहरूलाई NDIS प्रक्रियाहरू र यसले स्वास्थ्य प्रणालीसँग कसरी काम गर्छ भनेर बुझ्न मद्दत गर्ने सत्रहरू आयोजना गर्यौं।

सत्रहरूले स्वास्थ्य पेशाकर्मीहरूलाई निम्न तरिकाले मद्दत गर्‍यो:

- मानिसहरूलाई NDIS मा कसरी पहुँच लिने भनेर देखाउन
- CALD पृष्ठभूमिका अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक रूपमा उपयुक्त जानकारी र सहयोग प्रदान गर्ने कुरा सुनिश्चित गर्न।

## रणनीति कार्यान्वयन

### NDIS सुधारहरू

अक्टोबर २०२४ मा, नयाँ NDIS कानूनहरू (*राष्ट्रिय अपाङ्गता बीमा योजना संशोधन [NDIS लाई ट्र्याक नम्बर १ मा फर्काउने] ऐन*) लागू भयो। यो एजेन्सीले CALD रणनीति र कार्य योजना प्रकाशित गरेपछि भएको हो।

नयाँ कानूनहरूको अर्थ आगामी ५ वर्षमा NDIS मा ठूला सुधारहरू हुनेछन्। यी सुधारहरूलाई सह-डिजाइन र जारी गर्नु यस समयको हाम्रो प्राथमिकता हो।

सुधारहरूले CALD रणनीतिमा केही चुनौतीहरूको सिर्जना गर्‍यो। तर यो भविष्यमा काम गर्ने खाले NDIS कसरी डिजाइन गर्ने भन्ने कुरामा CALD सहभागीहरूको आवश्यकताहरू समावेश गर्ने अवसर पनि हुन्।

## हामीले के गर्नेछौँ

- हामी चाहन्छौं कि यी सुधारहरूले CALD समुदायका सहभागीहरू र अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राख्नेछ।
- हामी परिवर्तनहरूलाई डिजाइन र प्रयोग गर्नेछौं ताकि यसले CALD रणनीतिक दृष्टिकोणसँग एकरूपता कायम राख्नेछ।
- हामीले रणनीतिक कार्यहरू कसरी कार्यान्वयन गर्ने भनेर समीक्षा गरिरहेका छौँ।
- हामीले विगत १२ महिनामा CALD रणनीति र कार्य योजनाको हाम्रो अनुभवबाट केही कार्यहरूलाई परिष्कृत गर्न सक्छौं।
- यस समीक्षाको लागि हामीले CALD बाह्य सल्लाहकार समूह र आन्तरिक सल्लाहकार समूहसँग काम गर्नेछौं।
- हामी नतिजा साझा गर्नेछौं।

## विभिन्न सरकार वा निकायहरुसँग सहकार्य

केही कार्यहरूको लागि, हामीले निम्न सहित सरकारी विभाग र निकायहरूसँग काम गरेका छौँ:

- NDIS गुणस्तर तथा सुरक्षा आयोग (NDIS आयोग)
- सामाजिक सेवा विभाग (Department of Social Services)
- गृह मामिला विभाग (Department of Home Affairs)।

उनीहरूका विविध कार्य योजना र स्रोतसाधनका कारण केही कार्यहरू कार्य योजनाभन्दा ढिलो सुरु भएका छन्।

हामीले CALD समुदायहरू र सरकारी निकायसँग काम गर्ने सर्भिसेस अष्ट्रेलियासँग उनीहरूको अनुभवबाट सिक्नको लागि भेटघाट गरेका छौँ।

हामीले हाम्रा कार्यहरू अगाडि बढाउने तरिकाहरू खोज्न अन्य सरकारी क्षेत्रहरूसँग काम गरिरहनेछौं।

## कर्मचारी र बजार अभाव

हामीले अस्लान (Auslan) लगायत धेरै भाषाहरूको लागि राष्ट्रिय मान्यता प्राप्त दोभाषेहरूको अभावलाई सम्बोधन गर्नुपर्ने आवश्यकता देख्यौं। हामीलाई थाहा छ कि यसले NDIS मा पहुँच राख्न र NDIS योजनाहरूको प्रयोग गर्ने कुरामा अवरोधहरू सिर्जना गर्नेछ।

NDIA सँग यो कार्यबलको आकारलाई प्रभाव पार्ने सीमित तरिकाहरू छन्। तर हामीले हालको दोभाषे कार्यबललाई NDIS बारे बुझ्न कसरी मद्दत गर्न सक्छौं भन्ने कुरामा ध्यान दिनेछौं।

# प्रगतिको सारांश

वार्षिक प्रतिवेदनले ३० अप्रिल २०२५ सम्मको CALD रणनीति र कार्य योजनामा छोटो अवधिको नतिजाहरू हासिल गरेको प्रगति देखाउँछ। यी लक्ष्यहरू तिनै हुन् जुन हामीले हाम्रो रणनीतिको पहिलो २ वर्षमा हासिल गर्न चाहन्छौं।

CALD कार्य योजनाका २८ वटा कार्यहरूबाट प्राप्त यी नतिजाहरू निम्नानुसार छन्:

- हामीले एउटा पूरा गरेका छौँ।
- हामीले १५ वटा सुरु गरेका छौँ।
- हामीले १२ वटा सुरु गरेका छैनौं।

हामीसँग वेबसाइट को पूर्ण प्रतिवेदनमा प्रत्येक कार्यको स्थिति अद्यावधिकहरू उपलब्ध छन्।

निम्न बारे थप जानकारीको लागि www.ndis.gov.au/strategies/cultural-and-linguistic-diversity-strategy मा जानुहोस्:

- CALD रणनीति २०२४-२०२८
- CALD रणनीतिक कार्य योजना
- २०२५ CALD रणनीति वार्षिक प्रतिवेदन।